# रेडियोसँगको मेरो नाता : श्रोतादेखि पटकथा लेखकसम्म

**रोजिना सिटौला**

रेडियो किन चाहियो, सिरानीमा ? मन लागेको आशनमा बसेर रंगीन टिभी हेर्न पाइन्छ ।

वि.सं. २०६६ को अन्ततिर एन्टेना फाउन्डेशनको जागिरबाट राजीनामा दिएर साँझ घर आएपछि मैले त्यस्तै सोचेकी थिएँ । भोलिदेखि रेडियो सुन्न पनि पर्दैन, आनन्दै भो । हजुरबाका पालाको फिलिप्स कम्पनीको रेडियो, जसलाई सबैले 'बहादुर' रेडियो भन्थे, स्टोरको कुनामा लगेर मिल्काइदिएँ ।

तर राति सुत्दा मलाई निन्द्रा परेन । जागिर छोडेको तापले हो वा झोँकमा रेडियो मिल्काएकाले हो, झलक्क हजुरबालाई सम्झेँ ।

## श्रोताबाट दर्शकमा रूपान्तरित बाल्यकाल

'आऊ मेरा प्यारा भाइबहिनीहरू, रेडियो नजिक आऊ ।'

रेडियो नेपालको *बाल कार्यक्रम*को सुरुमा बासुदेव मुनालले निम्तो दिँदानदिँदै हजुरबाले दिदी र मलाई बोलाउनुहुन्थ्यो, "ओए केटाकेटी हो, तिमीहरूको कार्यक्रम आयो, सुन्न आओ ।"

वि.सं. २०४७-४८ तिरको कुरा । त्यति बेला म त्यस्तै ६ वर्षकी थिएँ । हजुरबाले बोलाएपछि तँछाड मछाड गर्दै हामी हजुरबाको काखमा गएर बस्थ्यौँ र कार्यक्रम सुन्थ्यौँ ।

*मिडिया अध्ययन ८* : २४५-२५५ २०७०

'यति सानो भाँडोभित्र कसरी मान्छे अटाएका होलान ?' रेडियो सुन्दा म गुनगुन गरिरहन्थेँ । मेरी दिदी मलाई पुलुक्क हेरेर तल्लो ओठ लेप्राउँथी ।

धैर्यता सकिएपछि एकदिन मैले हजुरबासँग सोधेँ, "रेडियोमा बोल्ने मान्छे साना हुन्छन् हो हजुरबा ?"

"लाटी, घरजस्तो ठाउँमा मान्छेहरू बसेर बोल्छन् अनि त्यही कुरा रेडियोमा सुनिन्छ ।"

हजुरबाले भनेपछि कसरी नपत्याउनु ? त्यस्तो रहेछ भन्ने लाग्यो ।

हजुरबाले त्यो रेडियो भारतमा चारधाम घुम्न (तीर्थ यात्रा) जाँदा ल्याउनुभएको थियो । रेडियो सधैँ उहाँको सिरानीमा हुन्थ्यो । रेडियो छुने अनुमति कसैलाई थिएन ।

"केटाकेटीले रेडियो बिगार्लान्, छुन नदिनू ।" हजुरबा घरबाहिर निस्कँदा जहिले हजुरआमालाई दिने आदेश यस्तै हुन्थ्यो ।

हजुरबा खुसी हुँदा हामीलाई सधैँ चकलेट बिस्कुट ल्याइदिनुहुन्थ्यो । रेडियो नचलाइदिएपछि हजुरबा खुसी हुनुहुन्थ्यो । त्यसैले हजुरबा घरमा नहुँदा रेडियो सुन्न मन लागे पनि हामी रेडियोलाई टुलुटुलु हेरेर मात्र बस्थ्यौँ । *बाल कार्यक्रम* पनि सुन्न पाउँदैनथ्यौँ ।

कार्यक्रम नसुनेको भोलिपल्ट दिदी र म साथीहरूसँग रेडियो कार्यक्रमको कुरै गर्दैनथ्यौँ । किनभने हामी साथीहरूभन्दा अगाडि अगाडि बासुदेव मुनालले सुनाएका कथा भन्न सक्दैनथ्यौँ ।

वि.सं. २०४९ तिर एकदिन बुबाले ठुलो जापनिज क्यासेट प्लेयर घरमा ल्याउनुभयो । "घराँ एउटा रेडियो छँदा छँदै अर्को किन ल्याइस् ? पैसा खुब धेरै भा'छ तँलाई !" हजुरबा बम्किनुभयो । "पुरानो रेडियोभन्दा यो राम्रो हो । यसमा त आफूलाई मनलाग्या बेलाँ खोलेर मन परेका गीतहरू पनि सुन्न मिल्छ ।" बुबाले यसो भन्दा हजुरबा केही बोल्नुभएन ।

क्यासेट प्लेयरमा मन परेका गीतहरू सुन्न पाइने । रेडियो त बिर्सँदै गइयो । क्यासेट प्लेयरमा गीत सुन्न थालेपछि हजुरबा कराउनुहुन्थ्यो, "किताब ल्याइदिएको भए पो पढ्थे ! कमाउनेले नकमाउनेलाई किन टेर्थ्यो ।"

वि.सं. २०५० तिर एकदिन बुबा एउटा ठुलो बाक्सा काँधमा बोकेर घर आउनुभयो । बाक्सा खोलेर त्यस भित्रको चारपाटे भाँडोलाई टेबलमाथि राख्नुभयो । त्यसमा बिजुली जोड्नुभयो । झ्यालबाहिर भऱ्याङजस्तो कुन्नी के हो ठड्याउनु पनि भयो । त्यो भाँडोको छेउमा किटिक्क पार्नुभयो । अनि त्यो भाँडोमा कालाकाला मान्छे नाच्न थाले । दिदी र म दंग पऱ्यौँ । हामीलाई तिनीहरू नाचेको खुबै

रमाइलो लाग्यो । बुवा आमाका आँखा छली छली तिनको नक्कल गर्दै हामी पनि नाच्यौँ ।

हरेक दिन हामी टिभीमा यसरी मान्छे नाच्छ भन्दै नाच्थ्यौँ । नाच्दा कहिले दिदी हिरोइन बन्थी, कहिले म । स्कुलबाट घर फर्केपछि छिटो छिटो गृहकार्य सकेर टिभी खोली हाल्थ्यौँ । टिभीमा के आउँछ त्यो हामीलाई मतलब थिएन । हामी समाचार पनि हेर्थ्यौं । केही बुझ्दैनथ्यौँ तैपनि कृषि कार्यक्रम पनि हेर्थ्यौं । जस्तो भए पनि टिभीमा मान्छे देखिए पुग्थ्यो ।

टिभी आएपछि रेडियो हाम्रा लागि उपेक्षित जस्तै भयो । रेडियोको सट्टा टिभीले हाम्रो परिवारलाई आकर्षित गर्दै गयो । अझ वि.सं. २०५३ मा रंगिन टिभी घरमा ल्याएपछि त म स्कुलको गृहकार्य नै नगरी टिभी हेर्ने भएँ । पछि एसएलसीको परीक्षा नजिकिँदै गर्दा टिभी हेर्न कम गर्दै लगेँ ।

एसएलसी परीक्षामा राम्रो अंक ल्याएर पास भएपछि आफू पढेको स्कुलमा नै मैले पढाउने जागिर पाएँ । बिहान कलेज पढ्ने दिउँसो स्कुलमा पढाउने । मेरो दिनचर्या यसरी बित्न थाल्यो । दिनभरको थकानले बेलुका टिभी हेर्ने जाँगर पनि चल्न छाड्यो । समय र व्यस्तताले धेरै कुरा आफैँ छुट्यो ।

हजुरबा स्वर्ग हुनु भो । उहाँको प्यारो 'बहादुर' रेडियो घरको कुनामा मिल्किरह्यो ।

## नसोचेको बाटो : रेडियो नाटकतर्फको यात्रा

वि.सं. २०६३-६४ तिर स्नातक अन्तिम बर्षको परिक्षा दिएर बसेकी थिएँ । एकदिन स्कुलसँगै पढेकी साथी सुषमाको इमेल आयो । उनी एन्टेना फाउन्डेसनले बनाउने रेडियो धाराबाहिक *नयाँ बाटो नयाँ पाइला*मा नाटक लेखकको रूपमा काम गर्थिन् । इमेलमा उनले मलाई एन्टेना फाउन्डेसनमा पटकथा लेखक (स्क्रिप्ट राइटर) को माग भएको बताउँदै त्यसका लागि आवेदन दिन भनिन् । आफूलाई जानकारी नभएको कुरामा कसरी अघि सर्नु भन्ने व्यहोराको जबाफ फर्काउँदै म चुपचाप बसेँ । त्यसपछि उनले एकदिन फोन नै गरिन् ।

"के हो मीस ? जहिले पढाउने मात्र ?" सुषमाले भनिन्, "अरू जागिर नखाने ? मैले भनेको ठाउँमा किन अप्लाई नगरेको ?"

"नाटक लेख्न मलाई आउँदैन ।"

"तिमी स्कुलबाट छापिने पत्रिकाहरूमा कहिलेकाँही लेख्थ्यौ त ।"

"त्यस्तो लेखेर कहाँ हुन्छ त ?"

"लेख्ने मान्छेले सिक्न सकिहाल्छ नि ।" सुषमाले कर गरिन् ।

हुन त म पनि स्नातकको परीक्षा दिएर बसेको । एकपटक कोसिस गरौँ के नै पो बिग्रन्छ र भन्ने लाग्यो । आवेदनको साथमा देशभक्ति भावको, व्यवहार परिवर्तन भएको देखाउने खालको कथा लेखेर पठाउन पनि सुषमाले सुझाइन् । उनको आग्रह स्वीकार्दै एन्टेना फाउन्डेसनमा पटकथा लेखक पदको लागि मैले आवेदन दिएँ ।

विदेश पढ्न गएकी मेरी दिदी बिदामा घर आएकी हुनाले मैले चलाउने मोबाइल त्यति बेला उसले नै बोकेकी थिई । एकदिन म मामा घर गएकी थिएँ । दिदी कामले बाहिर गएकी थिई । एन्टेना फाउन्डेसनबाट घरको नम्बर र मोबाइल दुवैमा फोन आएछ । म भने बेपत्ता भएजस्तै हुन पुगेछु । दिदीलाई फोन गर्ने मान्छेले, "आइतबार दिउँसो ३ बजे उहाँलाई एन्टेना फाउन्डेसनको अफिसमा अन्तर्वार्ताको लागि पठाइदिनुहोला" भनेछन् । बेलुका सुषमाले फोन गरिन् । मैले दिउँसो एन्टेनाबाट फोन आउँदा आफू हराएको कुरा बताएँ । "एक जनालाई तीन पटक फोन गर्दा पनि भेटिएन । जागिरको लागि निवेदन हाल्ने, वास्ता चैँ नगर्ने भन्दै अरबिन सर कराउँदै थिए । कोसँग रिसाएका होलान् भनेको त तिमीसँग पो रै'छ ।" सुषमा हाँसिन् ।

आइतबार अन्तर्वार्ता भएकोले शनिबार रेडियो नेपालबाट प्रसारण हुने नाटक सुन्न सुषमाले मलाई भनिन् । मोवाइल फोनमै रेडियो पनि भएकाले त्यसैबाट नाटक सुन्थेँ । धेरै वर्षपछि रेडियो बज्दा कता कता चसक्क हजुरबाको सम्झना आयो । आमाले व्यंग्य गर्नुभो, "अरूले रेडियो सुन्दा त, रेडियो पनि के सुन्या होला भन्थिस् । आफूलाई परेपछि त सुनिँदो रै'छ नि ।" म मुसुक्क हाँसेँ मात्र ।

आइतबार म अन्तर्वार्ता दिन एन्टेना फाउन्डेसनको अफिसमा गएँ । अन्तर्वार्ता लिने चारजना हुनुहुन्थ्यो – मधु आचार्य, अरबिन गिरी, गंगा गुरूङ र किरण श्रेष्ठ । सामान्य परिचयपछि अन्तर्वार्ता सुरु भयो ।

"नाटक सुन्नुभएको छ ?" भन्ने पहिलो प्रश्नको उत्तरमा अघिल्लो दिन प्रसारण भएको भाग सुनेको कुरा बताएँ । त्यसपछि रेडियोले देश विकासमा के भूमिका खेल्छ ? व्यवहार परिवर्तनका लागि नाटक नै किन ? तपाईंलाई हामीले यो कामका लागि किन छान्ने ? आजको बीस बर्षपछि रेडियो कहाँ पुग्छ ? यस्तै यस्तै प्रश्न मलाई सो अन्तर्वार्ताका क्रममा सोधियो । आफूलाई प्रश्न सुन्दा जे लाग्यो त्यस्तै उत्तर दिएँ ।

केही दिनपछि घरमा फोन आयो । मैले उठाएँ । फोन एन्टेना फाउन्डेसनबाट आएको रहेछ । अरबिन सरले म छनोटमा परेको बताउनुभयो । म खुसीले दङ्ग भएँ । वि.सं. २०६४ भदौ ३ बाट अफिस जानुपर्ने भयो ।

"रेडियोमा नाटक सुन्दै गर्नुहोला है", अरबिन सरले भन्नुभयो ।

हजुरबाको 'बहादुर' रेडियो सम्झेँ । घरको अन्तर कुन्तरमा खोजेँ । पहिले हजुरबा सुत्ने गरेको खाटमुनि धुलाम्मे अवस्थामा 'बहादुर' रेडियो भेटियो । टाँसिएको धुलो पुछेँ । ब्याट्री हालेर खोलेको त रेडियो बज्यो । मनमनै भनेँ – तब न 'बहादुर' रेडियो !

रेडियो नेपाल सुन्न थालेँ । पहिला सुनिने कतिपय कार्यक्रमहरू हराएछन् । *नयाँ बाटो नयाँ पाइला* नाटक पनि सुनेँ ।

## गर्दै सिक्दै : लेखन र अभिनय सँगसँगै

अफिस जाने हप्ता सुरु भयो । नाटक टोलीमा सामेल हुन आएका म, घनश्याम खड्का र भवसागर घिमिरे गरी तीनजना नयाँ रहेछौँ । सुषमा, अशेष, अभिमन्यू, भानु र अविनाशी पहिल्यैदेखि नाटकमा संलग्न रहेछन् । चिनजान भएपछि हामीलाई केही दिनको लागि काम दिइयो, नाटकका पुराना भाग सुन्ने । नाटकको कथा कसरी बगेको छ र पात्रहरू कस्ता छन् भन्ने थाहा दिनलाई यसो गरिएको भन्थे, साथीहरू ।

नाटकका निर्देशक तोया घिमिरेले भर्खरै एन्टेना छाडेका रहेछन् । नाटकका पाँचजना पुराना सदस्य मिलेर नाटक तयार पार्दा रहेछन् । हामी तीनजना मिसियौँ । हामीलाई सुरुमा नाटकका एक एक ओटा दृश्य लेख्न दिए । नाटकको संवाद लेख्नुपर्ने भयो । दलित केटीलाई बाहुन केटाले जिस्क्याउने र दलित केटीले प्रतिवाद गर्ने विषय मेरो भागमा पऱ्यो । बडो भावुक खालको संवाद लेखियो । लेखेर मात्र पुगेन भावसहित पढेर सुनाउनु पर्ने पनि भयो, सुनाएँ । साथीहरूबाट केही सुझाव र हौसला पाएँ । बिस्तारै त्यही परिवेशमा घुलमिल भइयो । नाटक लेख्न अलिअलि जानेँ । जीवनमा पहिलोचोटि लेखेको नाटक रेकर्ड पनि भयो ।

"मैले लेखेको नाटक आज रेडियोमा आउँछ ।" मैले घरमा उद्घोष गरेँ । खाना खाएर सबैजना वरिपरि झुम्मिएर बस्यौँ । म फुरुंग थिएँ । हजुरबालाई फेरि सम्झेँ । 'हजुरबाको टाउको आफ्नो काखमा राखेर यो नाटक हजुरबालाई सुनाउन पाएको भए ?' मन कटक्क खायो । रुवाइ दबाउन लामो सास लिएँ ।

रेडियोमा निम्न शीर्षक गीतसँगै नाटक सुरु भयो :

हामी युवा हौँ
साहसिला छौँ
माया छरेर
संसार छिनमै
बदल्न सक्दछौँ ...

नाटक लेख्ने सबै साथीहरू लगभग एउटै उमेर समूहका भएकाले 'हाकिमी दबाब' त्यति थिएन । अनौपचारिक छलफल र हाँसो ठट्टा गर्दै नाटक लेख्थ्यौँ हामी । त्यसैले पनि नाटक लेखन प्रक्रिया रमाइलो हुन्थ्यो । सुषमा एन्टेना छोडेर बीबीसीमा काम गर्न गइन् । हाम्रो समूह सात जनाको भयो । रेडियो नेपाल र देशभरिका विभिन्न एफएम स्टेसनबाट प्रसारण हुने नाटकमा विभिन्न सामाजिक घटनाक्रमहरू, राजनीतिक परिवेश र अन्य कुराहरू समेटेर मानिसको चेतनास्तर बढाउनका लागि तयार पार्थ्यौं । विशेष गरी नाटक युवा वर्गलाई लक्षित गरी निर्माण गरिन्थ्यो । नाटक लेख्ने सबै साथीहरू, जिल्लामा रहेका हाम्रा श्रोता क्लब र अन्य श्रोताको उत्तिकै महत्त्वपूर्ण भूमिका रहन्थ्यो । जिल्लाका नियमित श्रोता साथीहरूले आ–आफ्नो जिल्लामा प्रसारण भैसकेका नाटकका भागका बारेमा छलफल चलाएर नाटकले त्यो ठाउँमा पारेको प्रभाव, मान्छेको व्यवहारमा आएको परिवर्तन आदि कुराहरू अनुसन्धान गरेर पठाउँथे । उनीहरूले हामीलाई पत्रमार्फत पनि आफू र आफ्नो समाजमा नाटकले पारेका प्रभावका बारेमा प्रतिक्रिया वा सुझाव पठाउँथे । श्रोताहरूका प्रतिक्रिया, सुझाव र सल्लाह अनि हाम्रो आफ्नै कल्पनाशीलतालाई मिलाएर नाटक यस्तो बनाउने भन्ने सहमतिमा पुगिन्थ्यो । अनि यो भाग यसले लेख्ने भनेर छुट्ट्याइन्थ्यो । प्रेमको अनुभव भएका तथा हरेक कुरामा भावुकता खोज्ने साथीहरू प्रेमसम्बन्धी विषयवस्तु बढी भएका नाटकका भाग लेख्ने गर्थे । राजनीतिप्रति बढी चासो राख्ने साथीहरूले राजनीतिक विषय भएका नाटकका भागहरूको जिम्मा पाउँथे । यसरी हामीले आपसमा मिलेर नाटकका भागहरू लेख्थ्यौँ । कसले कुन भाग लेख्ने भन्ने कुरा आपसी सल्लाहमा नै तय हुन्थ्यो । एक पटकमा हामी एक महिनालाई पुग्ने नाटक तयार गर्थ्यौं । नाटक हप्तामा तीन दिन बज्ने हुनाले एकजना लेखकले महिनामा कम्तीमा तीन भागलाई पुग्ने गरी पटकथा लेख्नुपर्थ्यो । नाटकको लागि आ–आफ्नो भागको पटकथा लेखेपछि हामी सबै साथीहरू जम्मा हुन्थ्यौँ र कसले कसरी लेखेको छ भनेर छलफल गर्थ्यौं । खास गरी अनुभवी साथीहरू हामी नयाँहरूले लेखेको नाटक हेरेर सुझाव दिन्थे । पटकथालाई अन्तिम रूप दिएपछि नाटक रेकर्ड हुन्थ्यो । त्यसपछि प्राविधिक साथीहरूले नाटकको भावअनुसार विभिन्न संगीत र ध्वनि समिश्रण गरेर नाटकलाई पूर्णता दिन्थे ।

नाटकको पटकथा लेख्ने धेरैजसो साथीहरू नाटकमा अभिनय पनि गर्दा रहेछन् । एकचोटि ठट्टैठट्टामा साथीहरूले भने, "रोजिना पनि कलाकार बन्नु पर्‍यो ।" लगत्तै अभिनाषीले भनिन्, "मैले खेलेको उजेली पात्रको साथी बनाम्न, उजेलीको मिल्ने साथी नै छैन नाटकमा ।"

अशेषले पात्रको न्वारान गरे– 'बाटुली' । नाटक लेखनबाहेक म कलाकार पनि बन्न पुगेँ । नाटकमा अभिनय गर्दा मलाई रमाइलो लाग्यो । अझ मेरो आवाज सुन्नासाथ प्राविधिज्ञ दिनेश रिजालले "कस्तो रेडियो भ्वाइस, पहिले पनि रेडियोमा काम गर्नुहुन्थ्यो ?" भन्दा म फुरुङ्ग भएँ । नाटक अफिसमै सुनिसक्ने हुनाले प्रायः घरमा सुन्दिनथेँ म । तर आफूले खेलेको भाग आउने दिन चाहिँ सबै परिवारसँगै बसेर सुन्थ्यौँ । आफैँले बनाएको चरित्र, आफैँले लेखेका संवाद बोलेर त्यो निर्जीव चरित्रलाई आफ्नो स्वरमार्फत जीवन्तता दिएर रेडियोमा सुन्दा आफू कहिलेकाँही गाउँकै बाटुली भएको अनुभूति हुन्थ्यो मलाई ।

नाटक कसरी राम्रो बनाउने भन्ने बारेमा विभिन्न कार्यशालाहरू भइरहन्थे । प्रायः त्यस्ता कार्यशालामा प्रशिक्षण दिने काम गर्थे फ्रान्सिस रोल्ट नाम गरेका एकजना विदेशी रेडियो विशेषज्ञले । उनका सिकाउने तरिका निकै रमाइला हुन्थे । नाटकका चरित्र निर्माणदेखि नाटकलाई शैक्षिक र मनोरञ्जनात्मक कसरी बनाउने भन्ने बारेमा उनले सुझाव दिन्थे । उनको सिकाउने शैली मलाई खुबै राम्रो लाग्थ्यो । एकदिन प्रशिक्षण दिने क्रममा उनले हामीलाई कागजका टुक्राहरू छान्न लगाए । "सबैले कागजमा लेखेको थिम (भाव) हेर्नुस् र बढीमा दुई मिनेटको नाटक लेख्नुस्, नाटक लेखेपछि अरू साथीले नाटकको भाव थाह पाउनुपर्छ । यसबाट आफूले भन्न खोजेको कुरा अरूले कति बुझ्छन् थाह हुन्छ ।" तालिमका क्रममा फ्रान्सिसले भने ।

'हाउ ह्युमर क्यान हेल्प सल्भ कन्फ्लिक्ट' भन्ने थिम मलाई पऱ्यो । नाटक लेखेर साथीहरूलाई सुनाएँ । साथीहरूले एकैचोटिमा थिम पत्ता लगाए । सबैले राम्रो छ भनेर हौसला दिए ।

"नाइस जब, किप इट अप" भन्दै फ्रान्सिसले मसँग हात मिलाउँदा मैले ठुलो प्रेरणा पाएको महसुस गरेँ ।

## कर्मयोगीहरूको कथा लेख्दाको रोमाञ्चक अनुभूति

*नयाँ बाटो नयाँ पाइला* बाहेक एन्टेनाले अर्को रेडियो नाटक *कर्मयोगीका कथा* उत्पादन गर्न पनि सुरु गरेको थियो ।

"*कर्मयोगीका कथा*का लागि नाटक लेख्नुहुन्छ ?" एकदिन एन्टेनाका निर्देशक मधु आचार्यले प्रस्ताव राख्नुभयो । "स्वास्थ्यकर्मीहरूले स्वास्थ्य क्षेत्रमा दिएको योगदानको कदरस्वरूप उनीहरूको जीवनीमाथि बनाइने हुनाले यो अलि गाह्रो पनि छ, मिहिनेत चैँ गर्नुपर्छ । बाहिर फिल्ड पनि जानुपर्छ, सक्नुहुन्छ ?"

एकछिन घोरिएर मैले सक्छु भनेँ, नयाँ तरिकाले काम सिक्ने अवसरको खाँचो पनि भएको हुँदा मलाई प्रस्ताव राम्रै लाग्यो ।

"त्यसो भए हामी तपाईंलाई लिस्ट पठाउँछौँ, कुन ठाउँमा गएर काम गर्दा तपाईंलाई सजिलो हुन्छ जस्तो लाग्छ भन्नुस्" मधु सरले भन्नुभयो ।

निक साइमन्स इन्स्टिच्यूट र एन्टेना फाउन्डेसनको सहकार्यमा स्वास्थ्य क्षेत्रमा उल्लेखनीय योगदान दिएका व्यक्तिहरूको बारेमा बनाइने नाटक थियो त्यो । कुन कुन व्यक्ति माथि नाटक बनाउने भन्ने कुरा निक साइमन्स इन्स्टिच्यूटले तय गरेको थियो । एन्टेना फाउन्डेसनले चाहिँ नाटक तयार पार्ने काम गर्थ्यो । स्वास्थ्यकर्मीमाथि अनुसन्धान गरेपछि नाटक लेखिन्थ्यो र निक साइमन्स इन्स्टिच्यूटले पटकथा पास गरेपछि मात्र नाटक रेकर्ड गरिन्थ्यो ।

नाटक समूहमा त्यति बेला फेरि तीन जना नयाँ साथी थपिए । विनोद, सरोज र चण्डिका । *कर्मयोगीका कथा* नाटक नयाँ साथीहरूले एक–एक अंक र बाँकी पुरानाले गर्ने भनिएको थियो ।

मैले जम्मा दुइ ओटा भाग तयार पारेँ । पहिलो चितवनका डाक्टर भोलाराम श्रेष्ठ र दोस्रो पाल्पाका अहेब शालिकराम पहारीको बारेमा । डा. भोलाराम निकै असल व्यक्ति हुनुहुन्थ्यो । उहाँले गरेको कामहरू प्रशंसनीय थिए । निक साइमन्स इन्स्टिच्यूटले डा. भोलारामको बारेमा लेखिएको नाटक दुई पटकसम्म पुनर्लेखन गर्न लगायो । पछि नाटक राम्रो हुँदाहुँदै पनि नाटकमा समेटिएको विषयले डा. भोलाराम र सोही अस्पतालमा काम गर्नुहुने अर्का डाक्टरको सम्बन्धमा नराम्रो असर पार्न सक्ने भन्दै नाटकमा अर्को घटना (केस) राखेर लेख्न भनियो मलाई । डा. भोलारामको बारेमा तयार पारिएको नाटक लभगभ दश दिनपछि प्रसारण गर्नुपर्ने थियो । हतार भयो । फेरि डा. भोलारामलाई भेटेर उहाँले समाधान गर्नुभएको अर्को घटनाका बारेमा खोजबिन गरेर नाटकको पुर्नर्लेखन गरेँ । हतार हतार नाटक तयार भयो । तर पहिलोपटक लेख्दा नाटकमा प्रयोग गरिएको कुरा जति रुचिकर थियो पछिकोमा थिएन । अरूले राम्रो भनेपनि डा. भोलाराममाथि बनाइएको पछिल्लो नाटक म आफूलाई भने अलि कमजोर लाग्यो । र, मलाई सबभन्दा चित्त नबुझेको नाटक पनि त्यही बन्यो ।

अर्को नाटक लेख्नका लागि पाल्पामा अनुसन्धान गर्न गएँ । बसमा गएको साँझ ५:३० बजे बुटवल पुगेँ । मुस्किलले पाल्पा जाने अन्तिम बस पाएँ । रातीको ८ बजे पाल्पाको तानसेन झरेपछि होटलमा कोठा पाइनँ ।

"श्रीनगरमा पाइन सक्छ ।" होटलका मालिकले भने ।

"कति समय लाग्छ श्रीनगर पुग्न ?"

"आधा घण्टा ।"

मेरो आङ सिरिङ्ग भयो ।

"ट्याक्सी पाइँदैन ?"

"जीप पाइन सक्छ । तर रिजर्भ गर्नुपर्छ ।"

होटलको साहुले जीप बोलाइदिए । आठसय तिरेर श्रीनगर गएँ । एउटा होटलमा कोठा पाइयो । अफिसले दैनिक भत्ता जम्मा रु १,००० मात्र दिने भए पनि एक रातकै रु १,५०० तिरेर बसियो ।

त्यो दिन निकै दुःख पाएँ । तर जब मैले पाल्पाका सिनियर अहेब शालिकराम पहारीलाई भेटेँ सबै दुःख बिर्सें । उनका जीवनका भोगाइ जब सुनेँ *कर्मयोगीका कथा*का लागि उनको छनोट निकै उपयुक्त लाग्यो । उनी साह्रै सहयोगी र इमानदार रहेछन् । उनका दुःख सुखका बारेमा उनीसँग धेरै कुरा गरेँ । उनको जीवनका घटनाक्रमहरू निकै रोचक थिए । छोरी जन्मेको केही दिनपछि नै उनको पहिलो श्रीमतीको मृत्यु भएपछि उनी निकै निराश भएछन् । छोरीलाई आफ्नी आमाको जिम्मा लाएर उनी आफू काम गर्ने स्वास्थ्यचौकीमै बस्न थालेका रहेछन् । बेला बेलामा घर आउनेबाहेक उनले आफूलाई पूरै स्वास्थ्यचौकीको काममा समर्पित गरेका रहेछन् । पछि घर परिवार र समाजको करकापमा परेर अर्को बिहे गरे पनि परिवारभन्दा सधैँ उनको पहिलो प्राथमिकता स्वास्थ्यचौकी नै भयो । शालिकराम पहारीलाई देखाउने भन्दै टाढाटाढाबाट बिरामीहरू आउँदा रहेछन् । बिरामी जति धेरै आए पनि रातिसम्म बसेरसमेत तिनको उपचार गर्ने गर्दा रहेछन् उनी । त्यसैले उनीप्रति गाउँलेको निकै सम्मान रहेछ । गज्जब त मलाई के लागेको थियो भने, जब मैले उनको जीवनीमाथि नाटक लेख्न भनेर म उनीसँग अन्तर्वार्ता लिन पाल्पास्थित उनले काम गर्ने स्वास्थ्यचौकी गएँ, मसँग कुराकानी गर्दा पनि उनी बिरामी जाँच गरिरहेका थिए । अहेब भएर पनि उनी एक्लैले स्वास्थ्य चौकी निकै राम्ररी सम्हालेका थिए । उनले उपचार गरेका बिरामीहरू र स्वयं उनको परिवारले उनको बारेमा भनेका कुराको आधारमा पनि नाटक रोचक बन्यो । नाटक राम्रो हुनको लागि कस्ता नाटककीय तत्त्व चाहिँदो रहेछ भन्ने कुरा मैले शालिकराम पहारीको बारेमा नाटक लेख्दा सिक्न पाएँ ।

धेरै लेखकहरूले साहित्यमा होस् वा अरू कुनै विधामा, ठुलठुलो कुराहरू लेखेर मान्छेलाई रनभूल्लमा पार्न खोजेको पाइन्छ । तर लेख्नको लागि राम्रो विषय चाहिन्छ, त्यसका लागि चरित्र त हाम्रो समाजमा मनग्गे छन् । एउटा संघर्षशील मान्छेको जीवनलाई कहीँ अलिकति बंग्याउने र कहीँ अलिकति सोझ्याउने गरेमात्रै पनि राम्रो सिर्जना तयार हुँदो रहेछ जस्तो मलाई लाग्यो । हामीले बुझेका, देखेका अथवा महसुस गरेका चरित्र नाटकमा ल्यायौँ भने नै त्यो नाटक

मन छुने नाटक बन्दो रहेछ । मैले नाटक लेखनका क्रममा बुझेको कुरा यही हो ।

एन्टेनामै काम गर्दा केही समय डोको रेडियोमा काम गर्ने अवसर पनि मिल्यो । स्थानीय समस्याहरूलाई विषयवस्तु बनाएर स्थानीय स्तरमै प्रसारण गर्ने डोको रेडियोको तरिका थियो । ट्रान्समिटरलगायत सबै उपकरण डोकोमा हालेर कुनै ठाउँमा पुग्ने अनि त्यहीँ अस्थायी स्टुडियो तयार पारेर रेडियो कार्यक्रमहरू प्रसारण गर्ने हुनाले यसको नाम 'डोको रेडियो' राखिएको रहेछ । यही सिलसिलामा रामेछाप जाने अवसर मिल्यो । म डोको रेडियोमा जाँदा बर्खाको बेला थियो । बाटोमा जुकाले कति टोके कति । हात खुट्टाभरि नुन र सुर्ति दलेर हिँडियो । एकदिन आधा हिँडाइपछि हामी रामेछाप जिल्लाको बाम्तीभण्डार पुग्यौँ ।

गन्तव्यमा पुगेर त्यहाँको सुन्दरता र त्यहाँका मान्छेसँग भेटेपछि बाटोका सबै दुःख भुलियो । मान्छेहरूसँग परिचयका क्रममा म बोल्नासाथ, "तपाई बाटुली हो ?" भनेर मान्छेहरू मलाई सोध्थे । त्यति बेला मलाई निकै खुसी लाग्थ्यो । मलाई चिनेपछि 'नाटकको बाटुली त यस्ती पो रैछ बाबै' भन्दै मान्छेहरू खासखुस गर्थे । उनीहरूले कथाको पात्रलाई भेटेजस्तै मसँग नाटकका अरू पात्रहरू कस्ता छन्, के गर्छन्, तपाईंले यस्तो किन नगरेको अब गए'सी यस्तो गर्नुस् है भन्दै निकै सुझाव दिए ।

हाम्रो काल्पनिक नाटकको ठाउँ र पात्रहरू उनीहरूको लागि कति सजीव चित्र बनेका रहेछन् भन्ने लाग्यो । उनीहरूले मलाई नाटकमा बोले जस्तै बोल्नु न भनेर कति चोटि त हम्मे हम्मे पारे । उनीहरूको आग्रह सुन्दा मलाई बाल्यकालको रेडियोसँगको आफ्नो सम्झनाले कता कता घोचिरहेको थियो ।

डोको रेडियोको लागि एकजना बुढी आमासँग मैले अन्तर्वार्ता लिएकी थिएँ । उनले आफ्नो दुःख पीरको गाथा सुनाउँदा म रोएकी थिएँ । "म भोग्नी मान्छे त रोएकी छैन नानी," बुढी आमैले भनिन्, "तिमी रोएर के पो हुन्छ ?"

स्कुल जाने उमेरका भरिया केटाकटीहरूसँग गरेको कुराकानी सम्झँदा अहिले पनि नरमाइलो लाग्छ ।

"किताब बोकेर स्कुल जान मन लाग्दैन ? स्कुल नग'र किन यसरी भारी बोक्न आ'को भाइ ?," मैले सोधेँ ।

"किताब बोकेर भात खान पाइन्न । भारी बोके भात नि पाइन्छ, पैसो नि पाइन्छ ।" जिरीबाट सोलुखुम्बु भारी बोकेर हिडेका एकजना भाइको यो कुराले मेरो मन घोचेको थियो ।

डोको रेडियोमा काम गरेको केही समयपछि आफ्नो पढाइको कारणले गर्दा मैले एन्टेनाको कामलाई निरन्तरता दिन सकिन । डेढ वर्ष काम गर्दा कुनै पनि दिन मलाई किन काम गर्न आइएछ भन्ने लागेन । एक्लै होस् अथवा समूहमा, आत्मविश्वासका साथ काम गर्न मलाई रेडियोले नै सिकाएको हो । राम्रो नराम्रो हरेक ठाउँमा हुन्छ । एन्टेनामा काम गर्दा सहकर्मीसँग कहिले हाँसो ठट्टा र कहिले मनमुटाव पनि भए । तर जति समय मैले रेडियोमा काम गरेँ त्यो जीवनको सबैभन्दा रमाइलो समय लाग्छ । छोटो समयमै धेरै मीठा नमीठा अनुभवहरू सिकाउने, बुझाउने माध्यम रेडियो नै भएर हो कि । आज पनि रेडियो खोल्दा होस् वा कसैले रेडियो कार्यक्रमको बारेमा कुरा गर्दा होस् मलाई रमाइलो लाग्छ । बर्षौं पछि कसैले पुरानो साथीको कुरा गरे जस्तै ।

हजुरबाको काखमा बसेर होस् वा परिवारका अरूसँगै बसेर होस्, खुसी हुँदै रेडियो सुनेको क्षण र सिरानीमा भएको रेडियो स्टोरमा मिल्काएको क्षण मेरा लागि सँधै अविस्मरणीय रहे । काम पर्दा जुन दिन फालिएको रेडियो खोजे अनि भेटेँ त्यो दिन मन रसायो । जुन दिन मैले सिरानीमा भएको रेडियो मिल्काएँ, राती अबेरसम्म निद्रा परेन । दिदी र म सानो छँदा हजुरबा, बुवा, आमा हामी सबैको साथी थियो रेडियो, निकै प्यारो साथी । यसले हँसाउँथ्यो पनि रूवाउँथ्यो पनि ।

साथीलाई किन त्यसरी मिल्काउने । राम्रै ठाउँमा राखे पनि त भयो नि ! मन लाग्दा त्यसको कुरा पनि सुने भयो । आफ्ना धेरै कुरा पनि त सुनाउन पाइएको थियो रेडियोबाट । मध्यरातमा म उठेँ, स्टोरमा गएँ अनि हजुरबाको त्यही प्यारो 'बहादुर' रेडियोलाई उठाएर आफ्नो टेबलको कुनातिर जतनले राखेँ ।




## Chautari Book Series - 74

***Discourses of Awareness*** explores the ways in which projects of development and social transformation, through both their successes and failures, have helped produce new forms of imagination and socio-political engagements in Nepal. Combining historical and ethnographic analyses, the book shows, among other things, how the self-conception of contemporary village leaders, the revolutionary visions of the Maoists, and the mobilization for the liberation of bonded laborers, all emerge out of the history of a variety of projects for individual and societal transformation and improvement in Nepal since the 1950s.